# रोहिणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## धकधई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :
च.नं. :

मितिः २०८१/११/२६

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

### विद्युतीय रिक्सा तथा पेट्रोलियम पदार्थबाट चल्ने तीन पाग्रे अटो रिक्सा दर्ता गर्ने सम्बन्धि सूचना

विद्युतीय यस रोहिणी गाउँपालिका कार्य क्षेत्र भित्र सन्चालन हुने अटो तथा ई-रिक्साहरुलाई संचालन अनुमती तथा रुट ईजाजत प्रदान गर्ने प्रयोजनको लागी रोहिणी गाउँपालिकाको विद्युतिय तथा अटो रिक्सा सन्चालन, व्यावस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८० को दफा ३ बमोजिम दर्ता हुन तथा दफा ६ बमोजिम रोहिणी गाउँपालिका क्षेत्र भित्र संचालनको अनुमती तथा रुट ईजाजतका लागी यो सुचना प्रकशित भएको मितिले २१(एक्काइस) दिन भित्र तपसिलका कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

<u>मापदण्ड एवं पेश गर्नुपर्ने कागजातहरुः</u>

१- तोकिएको ढांचाको निवेदन फारम पेस गर्नु पर्ने छ ।

२- नेपाली नागरिकताको प्रतिलिपी

३- ३ प्रति पासपोर्ट साईजको फोटो

४- सवारी चालक अनुमती पत्रको प्रतिलिपी

५- सवारी साधनको विमा (नविकरण सहित) गरेको प्रतिलिपी

६- विदुतीय रिक्सा,अटो रिक्सा लगायतका तीन पाङ्ग्रे सवारी साधन धनी (एका घरको सगोलमा रहेका परिवारका सदस्यको नाममा दर्ता भएकोलाई समेत मान्य हुने) स्वयंम चालक भई स्वरोजगार भएको हुनु पर्नेछ। एक व्यक्तिलाई एक मात्र अटो वा ई-रिक्सा दर्ता हुनेछ।

७- प्राविधिक खरावी भएका , पुराना,थोत्रा,प्रदुषण मापदण्ड भित्र नपर्ने तथा च्यासिस नम्बर स्पष्ट नभएका, प्राविधिक जाँचपास हुन नसक्ने, प्रचार सामाग्री राखिएका रिक्सालाई दर्ता प्रकृयामा सहभागी गराईने छैन। कवाड र प्राविधिक दृष्टिकोणबाट अयोग्य नभएको हुनुपर्ने ।

८- यातायात व्यवस्था कार्यालय लुम्विनि प्रदेशमा २०८१ जेठ मसान्त भित्र दर्ता भई पन्जिकृत र जाँचपास भएका सवारी साधनलाई मात्र दर्ता गरिनेछ ।

९- सवारी साधन खरिद गरेको मिति र सम्भव भएसम्म खरिदको बिल बिजक

१०- सवारीको चेसिस नम्बर देखिने गरी खिचिएको तस्विर

११- रोहिणी गाउँपालिकाको विद्युतिय रिक्सा, अटो रिक्सा लगायतका तीनपाग्रे सवारी साधनको यस अघी ईजावत लिएका निवेदन अमान्य हुनेछ।

१२- रितपूर्वक पेश नभएका निवेदनहरुलाई दर्ता गर्न कार्यालय वाध्य हुने छैन।

पुनश्च :दर्ता शुल्क सम्बनधी ब्यवस्था रोहिणी गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

२०८१/११/२६

Email: rmdr073@gmail.com